# चिङ्गाड गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
अवलचिङ्ग, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

प.सं : २०८०/०८१
च.नं. : २६६

मिति : २०८०/०६/०२

श्री सहकारी संस्थाहरु सबै,
चिङ्गाड गाउँपालिका, सुर्खेत ।

**विषय :** साधारणसभा सञ्चालन सम्बन्धमा चिङ्गाड गाउँपालिकाको मार्गदर्शन ।

प्रस्तुत विषयमा संघीय सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५, सहकारी संस्थाको साधारण सभा सञ्चालन (कार्यव्यवस्था) (पहिलो संशोधन) निर्देशिका, २०७६ र चिङ्गाड गाउँपालिकाको सहकारी ऐन, २०७५ को अधीनमा रही सदस्यहरुको लोकतान्त्रीक नियन्त्रणको सिद्धान्त अनुरुप सहकारी संघसंस्थाहरुको साधारणसभाको बैठक आयोजना, कार्य प्रणाली र निर्णय प्रमाणिकरणका विषयहरु निर्धारण गर्न वाञ्छनीय भएकोले संघीय सहकारी नियमावली, २०७५ को नियम ७६ (झ) बमोजिम यस चिङ्गाड गाउँपालिकाको नियमन क्षेत्र भित्र रहेका सहकारी संघसंस्थाहरुका लागि यो मार्गदर्शन जारी गरिएको छ ।

१. सहकारी संघसंस्थाहरुले आर्थिक वर्ष व्यतित भएको तिन महिना भित्र संघीय सहकारी ऐन, २०७४ को दफा ७५ (१) तथा चिङ्गाड गाउँपालिकाको सहकारी ऐन, २०७५ को दफा ५४ (१) बमोजिम लेखापरिक्षणको कार्य सम्पन्न गरि सक्नु पर्ने ।
२. लेखापरिक्षक नियुक्ती र पारिश्रमिक निर्धारणका सम्बन्धमा संघीय सहकारी ऐन, २०७४ को दफा ७६ (१), (२) र (३) तथा चिङ्गाड गाउँपालिकाको सहकारी ऐन, २०७५ को दफा ५५ (१) र (२) बमोजिम गर्नु पर्ने ।
३. लेखापरिक्षकले लेखापरिक्षण प्रतिवेदन पेश गर्दा नेपाल सरकारले तोकेको लेखामान सिद्धान्तका आधारमा प्रतिवेदन तयार गरि सहकारी संस्थाहरुको लेखापरिक्षण निर्देशिका, २०७५ को अनुसरण गर्दै लामो फाराम प्रतिवेदन सहितको प्रतिवेदन सम्बन्धित सहकारी संघसंस्था र यस चिङ्गाड गाउँपालिकाको कार्यालय समक्ष पेश गर्ने व्यवस्था मिलाउने ।
४. सहकारी संघसंस्थाहरुले साधारणसभाको सुचना प्रकाशन गर्दा सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनका लागि एकिकृत निर्देशन, २०७९ अनुसार तिस दिन अगावै प्रस्ताव सहितको सूचना प्रकाशन गर्ने ।
५. संघीय सहकारी ऐन, २०७४ को दफा ४० (५) तथा चिङ्गाड गाउँपालिकाको सहकारी ऐन, २०७५ को दफा २९ (६) अनुसार दुई हजार वा सो भन्दा बढी सदस्य भएको सहकारी सहकारी संघसंस्थाले साधारणसभा गर्दा समान कार्यसुचिमा तोकिए बमोजिम सदस्य संख्याका आधारमा वडा वा सेवा

नि.प्रमुख प्रशासकीय अधिकृत

Email : chingadgaunpalika@gmail.com, ito.chingadmun@gmail.com
Website : www.chingadmun.gov.np

# चिङ्गाड गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
अवलचिङ्ग, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

प.सं : २०८०/०८१
च.नं. :

मिति : २०८०/०६/०२

केन्द्रहरुमा संचालक समितिका सदस्यहरु पठाई साधारणसभा गर्न र त्यस्तो साधारणसभाको निर्णय प्रमाणित गर्न, प्रतिनिधि छनौट गर्न, बैठक संचालन गर्न, बैठकका निर्णयहरु प्रमाणित गर्दा संचालक समितिका सदस्य संख्या भन्दा एक जना प्रतिनिधि सदस्यहरुबाट समेत प्रमाणित गराउने व्यवस्था मिलाउने । साथै सहकारी संस्थाको साधारणसभा (कार्यव्यवस्था पहिलो संशोधन) निर्देशिका, २०७६ को पुर्ण रुपमा पालना गर्ने गराउने ।

६. साधारण सभा संचालन गर्दा फराकिलो कार्य क्षेत्र र दुई हजार भन्दा बढी सदस्य संख्या भएका सहकारी संघसंस्थाहरुले भौगोलिक अवस्थितिका कारण एकै ठाउँमा भेला हुन नसक्ने अवस्थामा सदस्यहरुलाई पायक पर्ने स्थानमा सबै सदस्यहरुको सहभागीता हुने गरि बढीमा सात वटा सम्म ईकाइहरु गठन गरि सभा संचालन गर्ने ।
७. नियामक निकायबाट दिइएको निर्देशन तथा सुझावहरुको कार्यान्वयन सम्बन्धमा साधारणसभामा छलफल गर्ने गराउने ।
८. साधारणसभा सम्पन्न भएको पन्ध्र दिन भित्र साधारणसभाको निर्णयको प्रमाणित प्रतिलिपि, उपस्थितिको प्रमाणित प्रतिलिपि, लेखापरिक्षण प्रतिवेदन, लामो फाराम प्रतिवेदन यस चिङ्गाड गाउँपालिकामा अनिवार्य रुपमा पेश गर्ने ।
९. साधारणसभा गर्दा भड्कीलो र खर्चिलो नहुने गरि मितव्ययी ढंगबाट सञ्चालन गर्ने ।
१०. सबै सहकारी संघसंस्थाहरुले २०८० पौष मसान्त भित्र अनिवार्य रुपमा साधारणसभा सम्पन्न गर्ने ।
११. नेपाल सरकार, सहकारी विभाग, प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय तथा यस गाउँपालिका बाट जारी मापदण्ड र निर्देशनहरुको पालना गर्ने ।
१२. साधारणसभा सम्बन्धि विवरण सभा सम्पन्न भएको पन्ध्र दिन भित्र www.copomis.gov.np मा समेत अद्यावधिक गर्ने ।

पुनश्च : सहकारी संस्थाको साधारणसभा (कार्यव्यवस्था पहिलो संशोधन) निर्देशिका, २०७६ www.deoc.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

२०८०/०६/०२
इन्द्र प्रसाद अधिकारी
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

Email : chingadgaunpalika@gmail.com, ito.chingadmun@gmail.com
Website : www.chingadmun.gov.np